**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २३ अप्रेल २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. दार्जीलिङ लोकसभामा चुनाव प्रचार भोली साँझ ५ बजे समाप्त हुने छ। चुनाव प्रचार एकदमै तातिएर गएको छ। केन्द्रिय मंत्री किरन रिजिजुले खरसांग र सुकनामा चुनावमा जनसभलाई संबोधित गर्नुभयो।

२. बीजेपी नेता तथा केन्द्रिय गृहमंत्री अमित शाहले आज मालदामा चुनावी जनसभालाई संबोधित गर्दै मुख्यमंत्री ममता व्यानर्जी सरकारमाथि कड़ा प्रहार गर्नुभएको छ।

३. सन्देशखाली मामिलामा मुख्य आरोपी शाहजहाँ शेखको भाई सिराजुदीन विरूद्ध लुकआउट नोटिश जारी गरिएको छ।

४. दार्जीलिङ पहाड़ , तराई ,डुर्वसमा भव्य रूपमा हुनुमान जयन्ती पालन गरियो। प्रधानमंत्री नरेन्द्र मोदी तथा मुख्यमंत्री ममता व्यानर्जीले मानिसहरूलाई बधाई दिनुभ्ज्ञएको छ।

**चुनाव प्रचार**

द्धेसो चरणको लोकसभा चुनावको प्रचार अभियान भोली समाप्त हुनेछ। यसैबीच दाज्र्रीलिङ लोकसभा आसनमा चुनाव प्रचार झान तात्तिन्दै गएको छ। भाजपा उम्मेद्वार राजु विष्टको पक्षमा केन्द्रिय मंत्री किरण रिजिजुले खरसांगको मन्टिभियट मा एक चुनासवी रैलीलाई संबोधित गर्दै पश्चिम बंगालको टिएमसी सरकारमाथि हमला गर्दै राज्य , भ्रष्टाचार र भाईचारामा डुबेकोले विकाकसे क्षेत्रमा धेरै पछाड़िएको भन्नुभयो। उहाँले केन्द्रको मोदी सरकारलाई बलियो बनाउन दार्जीलिङ लोकसभाबट भाजपा उम्मेद्वारलाई फेरी एक चोटि जिताउने आवहान गर्नुभयो। खरसांग पछि सुकना,सिलगड़ीमा पनि उहाँले एक चुनावी सनसभालाई संबोधित गर्दै भाजपाको पक्षमा मतदान गर्ने अपील गर्नुभयो। मंचमा विधानसभामा विपक्षी नेतार भाजपा विधायक शुभेन्दु अधिकारी ,अर्को केन्द्रिय मंत्री निशिथ प्रमाणिक पनि उपस्थित थिए। यसैगरी कांग्रेसको उम्मेद्वार ड़ा. मुनिस तामंगको पक्षमा सिलगड़ीमा एक संवदाता सम्मेलनलाई संबोधित गर्दै कांग्रेसले मोदी सरकारले देशको संविधान बदलिने प्रयास गरिरहेको भन्दै लोकतंत्र र न्यायका लागि डा मुनिष तामाङ्लाई विजयी बनाउने आवहान गर्नुभयोद्यअर्कोतिर टीएमसी बीजीपीएम उम्मेदवार गोपाल लामाले आज विभिन्न ठाउँहरुमा घर दैलो प्रचार अभियान गरेद्यदार्जिलिङ लोकसभा आसनमा बीजेपी र टीएमसी बीच कडा टक्कर हुने चुनाव विशेशाग्यहरुको अनुमान छद्य२४ तारिकको दिन बेलुकी ५ बजे चुनाव प्राचार समाप्त हुनेछद्य२६ अप्रेलको दिन विहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म मतदाङ हुनेछद्यसुचारु मतदानका लागि १९९९ वटा मतदान केन्द्र स्थापित गरिएको छ जसमा ५४ वटा मतदान केन्द्रहरुको पूर्ण संचालन महिलाहरुद्वारा गरिने जानकारी दार्जीलिङ जिल्ला शासक प्रिती गोयलले बताउनु भएको छद्यस्वतन्त्र र निष्पक्ष चुनावका लागि प्रत्येक मतदान केन्द्रमा सीआरपीएफ जवानहरुलाई तैनाथ गरिने उहाँले बताउनु भएको छद्य

****** ० ******

**किरण रिजिजु**

नरेन्द्र मोदी सरकारको क्याबिनेट मन्त्री भएको नातामा म गोर्खाहरूको समस्या समाधान गर्ने ग्यारेन्टी दिएर जान चाहन्छु भनी केन्द्रिय मन्त्री किरण रिजिजुले बताएका छन्। उहाले आज खरसाङको मन्टिभियट खेल मैदानमा भाजपा प्रार्थी राजु विष्टको समर्थनमा आयोजित जनसभालाई सम्बोधन गर्दै यसो भन्नुभएको हो ।केन्द्रिय मन्त्री किरण रिजिजुले आफ्नो सम्बोधनमा गोर्खा समाजलाई भन्नु धेरै छ- भन्दै गोर्खा समाजसित आफ्नो सम्बन्ध धेरै राम्रो रहेको पनि बताउनुभयो। उहाले भन्नुभयो विगतको समयमा तपाईहरूले राजु विष्ट जस्तो योग्य सांसद पठाउनु भएर राम्रो भएको थियो। राजु विष्टले गोर्खाहरूको समस्या समाधानको लागि 24 घण्टानै काम गरिरहेका छन्।
रिजिजुले गोर्खाहरूको आफ्नो पहिचानको लागि सम्झौता गर्न चाहँदैनन् भन्दै, गोर्खाहरूको समस्या समाधानको बिषय धेरै अघि बढिसकेको तर यस कार्यमा पश्चिम बंगाल सरकार र ममता ब्यानर्जी बाधा बनिरहेको बताउनुभयो। क्याबिनेटमा कुनै कुरा आएको खण्डमा सदैव गोर्खाहरूको लागि आवाज बनेर खड़ा रहने उहाले अझ बताउनुभयो। आफु कानुन मन्त्री रहँदा 11 जनजातिको मामिला हेरेको अनि अब 11 जात गोष्ठीलाई अनुसूचित जनजातिको मर्यादा दिन सरकार तयार रहेको पनि उहाले बताउनुभयो।उहाँले भन्नुभयो- राई, गुरूङ, खस, नेवार, याखा, मंगर, जोगी, सुनार, भुजेल, धिमाल, थामी आदिलाई अनुसूचित जनजातिको मान्यता दिन सरकार प्रतिबद्ध रहेको र मोदी सरकारले यो कार्य चुनाउपछि अवश्य गर्ने विश्वास ब्यक्त गर्नुभयो। उहाँले भन्नुभयो 'दार्जीलिङको चुनाउ भाजपालाई तथा राजु विष्टलाई मात्र जिताउन होइन तर दार्जुलिङको भविष्य निर्माण गर्नु पनि हो र प्रत्येक भोट बहुमूल्य छ।'

****** ० ******

## अमित शाह- पश्चिम बङ्गाल

केन्द्रीय गृहमन्त्री अमित शाहले पश्चिम बङ्गालका मुख्यमन्त्री ममता बनर्जीमाथि कडा प्रहार गर्नुभएको छ। एकातिर मुख्य मंत्री ममता बनर्जीले घुसपैठिहरुलाई प्रोत्साहन गरिरहेको र अर्कोतर्फ नागरिकता संशोधन कानून (सीएए) को विरोध गरेर शरणार्थीको नागरिकता रोकेको उहाले बताउनुभयो ।
श्री शाहले आज पश्चिम बङ्गालको मालदा दक्षिणमा रोड शो गर्नुभयो। भाजपाले राज्यमा ३० देखि ३५ लोकसभा सिट जित्ने उहाले बताए दाबी गर्नुभयो। अमित शाहले भन्नुभयो, 'तृणमूल जस्ता भ्रष्ट व्यक्तिहरूलाई बङ्गालबाट हटाउनुपर्छ। कट मनीको संस्कृति यहीँ अन्त्य हुनुपर्छ। पश्चिम बङ्गालका जनता र देशलाई मोदीको ग्यारेन्टीमा विश्वास रहेको श्री शाहले बताउनुभयो। ममता बनर्जी सरकारले घुसपैठलाई प्रोत्साहन दिएको उहाले अझ बताउनुभयो।

****** ० ******

## सन्देशखाली- सिराजुद्दीन शेख

सन्देशखाली मामिलामा शाहजहाँ शेखका भाइ सिराजुद्दीन शेखको नाममा लुक आउट नोटिस जारी गरिएको छ। ईडीले उनलाई धेरैपटक समन पठाएर पेश निर्देश दिइएता पनि सिराजुद्दीनले प्रत्येक पल्ट नै यसलाई टार्दै आइरहेका छन्। यसपालि केन्द्रिय जाँच एजेन्सीले सिराजुद्दीनविरूद्ध लुक आउट सर्कुलर जारी गरेको छ। सिराजुद्दीनले जाँचदेखि बच्नको लागि विदेश भग्ने प्रयास गर्नसक्ने ईडीका अधिकारीहरूलाई आशंका छ। ईडीले देशका सबै एयरपोर्ट अथोरिटीलाई सतर्क गरिदिएको छ ताकि सिराजुद्दीन देश छोड़ेर भाग्न नसकुन्। सिराजुद्दीनको तस्वीर सहित उनको बारेमा महत्वपूर्ण जानकारीहरू पनि पठाइएको छ।
सन्देशखाली अनि नजात पुलिस थानामा वर्ष 2018 देखि 2024 सम्म भएको महिला उत्पीड़न, जमीन कब्जा, स्थानीयहरूमाथि उत्पीड़नका सबै सिकायतहरूमा शाहजहाँका भाइ, शिबु हाजरा अनि अन्यको नाम सामेल थियो। ईडी सूत्र अनुसार मामिलाको जाँच अन्तर्गत उनलाई कैयौं पटक समन पठाइएको थियो। यसपूर्व शाहजहाँका अर्का भाइ आलमगीरलाई पनि सीबीआईले पक्राउ गरेको थियो।

****** ० ******

**मुख्यमन्त्री-हनुमान जयन्ती**

लोकसभा चुनाउको पृष्ठभूमिमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले रामनवमीपछि अब हनुमान जयन्तीको पनि शुभकामना दिनुभएको छ । विशेष कुरा के हो भने उहाले आफ्नो शुभकामना हिन्दी भाषामा लेखेर दिनुभएको छ। मुख्यमन्त्रीले आफ्नो आधिकारिक ट्विटर ह्याण्डल एक्समा "सबै देशवासीहरूलाई हनुमान जयन्तीको हार्दिक शुभकामना'भनेर लेख्नुभएको छ। उहाँले बंगला भाषामा पनि यस्तै शुभकामना लेख्नुभएको छ।"उल्लेखनीय छ, पश्चिम बंगालमा रामनवमीको पर्वलाई लिएर धेरैवटा जनसभाहरूबाट आपत्तिजनक टिप्पणी गरेकी थिइन्। उहाले रामनवमीमा दंगा हुनसक्ने समेत आशंका व्यक्त गरेकी थिइन्। त्यै अनुरूप मुर्शिदाबाद र मेदिनीपुरमा रामनवमीको शोभायात्रामा ढुङ्गामुड़ा भएको थियो। राज्य पुलिसले ढुङ्गामुड़ा वा आगो लगाउने आरोपीहरूलाई पक्राउ गर्नको सट्टा रामनवमीको शोभायात्रामा सामेल मानिसहरूलाई नै पक्राउ गरेको छ। यसलाई लिएर भाजपाले लगातार प्रहार गरिरहेको छ।

****** ० ******

**बिनय तामाङ**

बिनय तामाङले आज एक भिडियो जारी गर्दै भारतीय जनता पार्टीका प्रार्थी राजु विष्टलाई यसपालीको लोकसभा चुनाउमा समर्थन गर्ने घोषणा गरेका छन्। उहाले भाजपा प्रार्थी राजु विष्टलाई- दार्जीलिङ पहाड़, तराई र डुवर्सको सुरक्षा र न्यायको लागि समर्थन गरेको बताउनुभयो।
उहाले आफ्ना समर्थक, परिवार, शुभचिन्तक र आफन्तहरू सबैलाई भाजपा प्रार्थी राजु विष्टलाई समर्थन गरिदिन निवेदन पनि गरेका छन्। बिनय तामाङले 2024 को लोकसभा चुनाउमा भारतीय जनता पार्टीले देशमा निश्चित रूपमा सरकार गठन गर्ने र 2026 मा बंगालमा हुने विधान सभा चुनाउमा पनि सरकार बनाउने दाबी गर्दै यसपाली पहाड़ले भाजपा प्रार्थी राजु विष्टलाई जिताउन भोट दिने अपील गरेका छन्। उहाँले यो निर्णय आफुले स्वतन्त्र रूपमा लिएको बताएका छन्।

****** ० ******

**आभूषण- महिला पक्राउ**

नदिया जिल्लामा सीमा सुरक्षा बल (बीएसएफ)- ले 32.4 लाख रुपियाँको आभूषण सहित एकजना महिलालाई पक्राउ गरेको छ। सीमा चौकी हल्दरपाड़ाका जवानहरुद्वारा पक्का खबरको आधारमा चलाइएको विशेष अभियानको क्रममा भारी मात्रामा रत्न जड़ित सुनको आभूषण (11वटा गलाको हार, 15 जोड़ी कानको बाली, 53वटा औंठी) तथा दुई लाख 89 हजार 500 रूपियाँ सहित एकजना महिलालाई पक्राउ गरियो।
तस्करहरु यी सुनका आभूषणहरूलाई भारतदेखि बंगलादेशमा तस्करी गर्ने दाउमा थिए। तस्करीमा प्रयोग गरिएको तीनवटा मोटर साइकललाई पनि जफत गरिएको छ। जफत गरिएको सुनका आभूषणहरूको वजन 377.604 ग्राम रहेको छ जसको अनुमानित मूल्य 32 लाख 44 हजार 331 रुपियाँ छ।पक्रा पर्ने महिलालाई मुनमुन मण्डलको रूपमा चिन्हित गरिएको छ। उक्त जफत गरिएका सुनका आभूषणहरू सहित नगद अनि महिलालाई कस्टम विभाग बानपुरमा सुम्पिएको छ।

****** ० ******

**मौसम**

पश्चिम बंगालको राजधानी कोलकाता समेत सम्पूर्ण राज्यमा भीषण गर्मीको प्रकोप जारी छ। अलिपुरस्थित मौसम विभागको क्षेत्रीय मुख्यालयद्वारा आज जारी बयान अनुसार राज्यका दशवटा जिल्लाहरूमा लू चल्ने सम्भावना छ। यी जिल्लाहरूमा उत्तर 24 परगना, पश्चिम मिदनापुर, झाड़ग्राम, पुरूलिया, बाँकुड़ा, हुगली, पूर्व बर्दमान, बीरभूम, मुर्शिदाबाद, नदिया, पूर्व मिदनापुर, दक्षिण 24 परगना तथा पश्चिम बर्दमान सामेल छन्।
आगामी 26 अप्रेलसम्म यी जिल्लाहरूमा भिषण गर्मी हुने बयानमा अझ बताइएको छ । अर्कोतिर आकाशमा बादल छाएकोले गर्दा तातो हावा माथि जान सकिरहेको छैन परिणामस्वरूप बाफिने गर्मीले मानिसहरूले अत्यधिक गरम अनुभव

गरिरहेका छन्। राजधानी कोलकातामा न्यूनतम तापमान 27.5 डिग्री सेल्सियस तथा अधिकतम तापमान 39 डिग्री सेल्सियस रेकर्ड गरिएको छ जुन पछिल्लो सप्ताहभरिको 40 डिग्रीभन्दा कम भए पनि गर्मी उत्तिकै छ। यो सप्ताहभरि वर्षा हुने सम्भावना छ र यसैले गर्मीको प्रकोप जारी रहनेछ। उत्तर बंगालका अलिपुरद्वार, कुचबिहार, जलपाईगुड़ी, दार्जीलिङ अनि कालेबुङमा पनि यस्तै मौसम रहनेछ।

****** ० ******